ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

GRAMEEN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.

4th

ANNUAL REPORT

F.Y. 2017/18

चौथो वार्षिक प्रतिवेदन

आ.व. २०७४/७५

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

सञ्चालक समिति

माणिकरत्न शाक्य
अध्यक्ष

बम बहादुर मिश्र
सञ्चालक

सुब प्रसाद रिजाल
सञ्चालक

सलोनिका सिंह
सञ्चालक

भेषराज कंडेल
सञ्चालक

रमेश दाहाल
सञ्चालक

पर्वत कुमार कार्की
प्रमुख कार्यकारी अधिकृत

प्रतिनिधि (प्रोक्सी) फारम

कम्पनी ऐन, २०६३ को दफा ७१ को उपदफा (३)सँग सम्बन्धित

श्री सञ्चालक समिति
ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
बुटवल, रूपन्देही

विषय : प्रतिनिधि नियुक्ती गरेको वारे ।

महाशय,

..... जिल्ला .....म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. वडा नं. ..... बस्ने म/हामी .....ले त्यस कम्पनीको शेयरधनीको हैसियतले वि.सं. २०७५ साल माघ महिना १२ गते शनिबारका दिन हुने चौथो वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि .....जिल्ला .....म.न.पा./उ.म.न.पा./न.पा./गा.पा. वडा नं. .... वस्ने त्यस कम्पनीका शेयरधनी श्री ..... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु /छौं।

प्रतिनिधि नियुक्त भएको व्यक्तिको :
हस्ताक्षरको नमुना :
शेयरधनी नं. :
हितग्राही खाता नं.
मिति :

निवेदकको दस्तखत:
नाम :
ठेगाना :
हितग्राही खाता नं.:
शेयरधनी नं.:
शेयर संख्या :

द्रष्टव्य : यो निवेदन साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरिसक्नु पर्नेछ।

प्रवेश-पत्र

शेयरधनीको नामः ..... शेयरधनी नं./हितग्राही खाता नं..... शेयर संख्या .....

मिति : वि.सं. २०७५ साल माघ महिना १२ गते शनिबारका दिन हुने ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.को चौथो वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेश-पत्र।

द्रष्टव्य :

१. शेयरधनीहरुले माथि उल्लेखित सम्पूर्ण विवरण अनिवार्य रूपमा भर्नु होला ।
२. सभाकक्षमा प्रवेश गर्न यो प्रवेश-पत्र प्रस्तुत गर्न अनिवार्य छ ।

कम्पनी सचिव

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

प्रधान कार्यालय बुटवल

चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/९/१९)

यस संस्थाको मिति २०७५/९/१७ गते बसेको सञ्चालक समितिको ११८ औं बैठकको निर्णयानुसार संस्थाको चौथो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम उक्त सभामा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०७५ माघ १२, गते शनिवार, तदनुसार जनवरी २६, २०१९

समय : विहान ११:३० बजे ।

स्थान : द दरवार लन प्रा.लि., तिलोत्तमा-३, योगीकुटी, रूपन्देही ।

छलफलका विषयसूचीहरु :

क) साधारण प्रस्ताव :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.व.२०७४/७५ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७५ आषाढ मसान्तको वासलात, आ.व. २०७४/७५ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण (अनुसूची सहित) उपर छलफल गरी पारित गर्ने ।

३ बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०७५/७६ को लेखापरीक्षण गर्न लेखापरीक्षण समितिवाट सिफारिश भए मुताविक लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. स्वतन्त्र संचालक नियुक्तिको जानकारी सम्वन्धमा ।

५. सर्वसाधारण समूह "ख" अन्तर्गत रिक्त रहेको संचालक पद संख्या १ (एक) मा बाँकी कार्यकालका लागि निर्वाचन गर्ने ।

ख) विविध :

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धी थप जानकारी :

१. वार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७५/९/२६ गते देखि मिति २०७५/१०/१२ गतेसम्म संस्थाको शेयर दाखिल खारेज दर्ता बन्द रहनेछ ।

२. मिति २०७५/९/२५ गते सम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोवार भई शेयर नामसारी भएका शेयरधनीहरुले मात्र संस्थाको चौथो वार्षिक साधारण सभामा सहभागी हुन पाउने छन ।

३. वार्षिक साधारण सभामा भाग लिन आउँदा शेयरधनीहरुले आफ्नो परिचय खुल्ने प्रमाणपत्र अनिवार्य रुपमा लिई आउनुपर्नेछ ।

४. शेयरधनी महानुभावहरुले कम्पनी ऐन, २०६३ अनुसारको लेखापरीक्षकको प्रतिवेदन सहितको वार्षिक आर्थिक विवरण, संचालक समितिको प्रतिवेदन तथा वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरु संस्थाको प्रधान कार्यालय बुटवल रुपन्देहीमा आई निरीक्षण गर्न र प्राप्त गर्न सक्नु हुनेछ । साथै, साधारण सभा सम्बन्धी जानकारी संस्थाको वेवसाइट www.grameenbanknepal.com मा समेत राखिएको छ ।

५. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा शुरु हुनु भन्दा पहिले नै उपस्थित भई हाजिरी कितावमा दस्तखत गर्नुपर्नेछ । शेयरधनी महानुभावहरुको सुविधाका लागि हाजिरी किताव सभास्थलमा सभा हुने दिन बिहान १०.०० बजेदेखि खुल्ला रहनेछ ।

६. सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले यस संस्थाको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नु हुनेछ ।

७. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त हने शेयरधनीले प्रतिनिधि पत्र (प्रोक्सी फारम) साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात २०७५/१०/१० गते विहान ११.३० बजे भित्र संस्थाको प्रधान कार्यालय बुटवलमा दर्ता गरिसक्नु पर्नेछ ।

८. प्रतिनिधि मुकरर गरिसकेपछि बदर गर्न चाहेमा सभा हुने दिन हाजिरी पुस्तिका खुल्नु अघि सभा स्थलमा आई लिखित सूचना दिनुपर्नेछ ।

९. शेयरधनी महानुभावहरुलाई छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तरगत वित्तीय सस्था सम्बन्धी केही जिज्ञासा भए ईच्छुक शेयरधनी महानुभावहरुले सभा हुनु भन्दा ७ दिन अगावै कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ ।

१०. सभामा भाग लिन आए वापत यातायात खर्च, खाजा खर्च वा अन्य कुनै किसिमको रकम संस्थाले प्रदान गर्नेछैन ।

११. सभा सम्बन्धी अन्य जानकारीको लागि संस्थाको प्रधान कार्यालयमा फोन नं.०७१-४३७५२९ वा ४३८९५१ मा सम्पर्क राख्नुहुन अनुरोध छ ।

विषयसूची

क्र.सं.	शीर्षक	पेज नं.
१.	प्रतिनिधि (प्रोक्सी) फाराम	क
२.	चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना	ग
३.	साधारण सभा सम्बन्धी थप जानकारी	घ
४.	संक्षिप्त चिनारी	१-३
५.	सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन	४-११
६.	सञ्चालक समितिको प्रतिवेदनमा हुनुपर्ने अन्य विवरणहरू	१२-१३
७.	लेखापरीक्षकको प्रतिवेदन	१४-१५
८.	वासलात	१६
९.	नाफा नोक्सान हिसाब	१७
१०.	नाफा नोक्सान बाँडफाँड हिसाब	१८
११.	इक्विटीमा भएको परिवर्तन सम्बन्धी विवरण	१९
१२.	नगद प्रवाह विवरण	२०-२१
१३.	अनुसूचीहरू (४.१ देखि ४.२५ सम्म)	२२-५०
१४.	प्रमुख लेखा नीतिहरू	५१-५३
१५.	लेखा सम्बन्धी टिप्पणीहरू	५४-५७
१६.	अनुसूची ४.२८	५८
१७.	अनुसूची ४.२९	५९-६०
१८.	नेपाल राष्ट्र बैंकबाट प्राप्त स्वीकृति पत्र	६१-६२
१९.	प्रधान कार्यालयमा कार्यरत कर्मचारीहरूको विवरण	६३-६४
२०.	क्षेत्रीय कार्यालय र मातहतका कार्यालय तथा कार्यालय प्रमुखहरूको विवरण	६४-७०
२१.	संगठनात्मक संरचना	७१
२२.	टिप्पणी	७२-७३

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

संक्षिप्त विनारी

१ पृष्ठभूमी

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त यो संस्था नेपाल सरकार र नेपाल राष्ट्र बैंक समेतको सहभागितामा स्थापना भएको राष्ट्रिय स्तरको लघुवित्त वित्तीय संस्था हो । यस ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.(साविकको नेपाल ग्रामीण विकास बैंक लि.) ले मिति २०७१ साउन ३० गते देखि एकिकृत वित्तीय कारोवार शुरु गरी लघुवित्त सेवा प्रदान गर्दै आएको छ । संस्थाले २०७५ असोज मसान्तसम्म १८८ शाखा कार्यालय मार्फत ५७ जिल्लाका ३५८ स्थानिय तहमा लघुवित्त कार्यक्रम विस्तार गरी सेवा प्रदान गरिरहेको छ । संस्थाको प्रधान कार्यालय बुटवल उप-महानगरपालिका वडा नं.-१०, कालिकानगर, रुपन्देहीमा रहेको छ भने विराटनगर, जनकपुर, बुटवल, नेपालगंज र धनगढीमा क्षेत्रीय कार्यालयहरू रहेका छन् । संस्थाले विपन्न वर्ग विशेषतः महिलाहरूको आर्थिक तथा सामाजिक अवस्था सुदृढ गर्न विभिन्न प्रकारका लघुवित्त सेवाहरू प्रदान गर्दै आईरहेको छ ।

२. २०७५ असोज मसान्तसम्म कार्यक्रम विस्तार भएका जिल्लाहरू :-

क) क्षेत्रीय कार्यालय विराटनगर अन्तर्गत : झापा, मोरङ्ग, सुनसरी, सिराहा, सप्तरी, उदयपुर, ताप्लेजुङ्ग, भोजपुर

ख) क्षेत्रीय कार्यालय जनकपुर अन्तर्गत : धनुषा, महोत्तरी, सर्लाही, रौतहट, वारा, पर्सा, मकवानपुर, चितवन, धादिङ्ग, नुवाकोट, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक

ग) क्षेत्रीय कार्यालय बुटवल अन्तर्गत : रूपन्देही, कपिलवस्तु, नवलपरासी, नवलपुर, पाल्पा, गुल्मी, अर्घाखाँची, स्याङजा, कास्की, तनहुँ, लमजुङ, गोरखा, वागलुङ, म्याग्दी, पर्वत

घ) क्षेत्रीय कार्यालय नेपालगंज अन्तर्गत : दाङ, बाँके, बर्दिया, सुर्खेत, सल्यान, दैलेख, रुकुम (पश्चिम), रुकुम (पूर्व), रोल्पा, प्यूठान, जुम्ला

ङ) क्षेत्रीय कार्यालय धनगढी अन्तर्गत : कैलाली, कञ्चनपुर, डोटी, डडेलधुरा, वैतडी, बझाङ, दार्चुला, बाजुरा, अछाम

३. कार्यालय संख्या : १९४ (प्रधान कार्यालय समेत)

४. वर्तमान पुँजी संरचना :

अधिकृत पुँजी	रू. १ अर्ब
जारी पुँजी	रू. ६५ करोड ५० लाख
चूक्ता पुँजी	रू. ६५ करोड ५० लाख

५. शेयर संरचना विवरण :

क्र.सं.	समुह 'क'/संस्थापक संस्थाको नाम	कायम रहेको शेयर कित्ता	शेयर प्रतिशत
१	नेपाल सरकार	१९७५८०३	३०.१६५
२	नेपाल राष्ट्र बैंक	१९९९८८	३.०५३
३	नेपाल बैंक लिमिटेड	१९०१०५	२.९०२
४	राष्ट्रिय वाणिज्य बैंक लिमिटेड	१५०३२९	२.२९५
५	हिमालयन बैंक लिमिटेड	९५९९६	१.४६६
६	नेपाल बंगलादेश बैंक लिमिटेड	९६८१०	१.४७८

७	नेपाल इनभेष्टमेण्ट बैंक लिमिटेड	४८५९८	०.७४२
८	नविल बैंक लिमिटेड	५३६३५	०.८१९
९	स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लिमिटेड	६००	०.००९
१०	नेपाल एस.वि.आई बैंक लिमिटेड	९२८१०	१.४१७
११	कृषि विकास बैंक लिमिटेड	६९८	०.०११
१२	बैंक अफ काठमाण्डू लिमिटेड	६९८	०.०११
१३	पिपुल्स इनभेष्टमेण्ट कम्पनी लिमिटेड	६७०००८	१०.२२९
१४	एन.सि.सि. बैंक लिमिटेड	२३३	०.००४
१५	निक्षेप तथा कर्जा सुरक्षण कोष	३१९४	०.०४८
१६	संस्थाका शेयर सदस्य र कर्मचारीहरू	७९०९८६	१२.०७६
१७	एच.पि. अग्रवाल एण्ड कम्पनी	४१९८	०.०६४
१८	बन्दीकापुर ब. सहकारी संस्था	१२२८७	०.१८८
१९	अन्य व्यक्ति/ संस्था	१९१९९२	२.९३१
	जम्मा	४५७८९६९	६९.९०८
	समूह 'ख'/सर्वसाधारण	१९७१०३१	३०.०९२

६. कर्जा शीर्षक:

क्र.सं.	कर्जाका प्रकार	धितोको प्रकार	लक्षित वर्ग
१	लघु व्यवसाय कर्जा	विना धितो	समूहमा आवद्ध सदस्यहरू
२	लघु उद्यम कर्जा (क)	स्वीकार योग्य धितो	समूहमा आवद्ध सदस्यहरू
३	लघु उद्यम कर्जा (ख)	स्वीकार योग्य धितो	समूह बाहिरका एकल सदस्यहरू
४	नवीकरणीय उर्जा कर्जा	विना धितो/स्वीकारयोग्य धितो	समूह तथा समूह बाहिरका एकल सदस्यहरू
५	बैदेशिक रोजगार कर्जा	स्वीकारयोग्य धितो	समूह बाहिरका एकल सदस्यहरू
६	विशेष सदस्य कर्जा	विना धितो	समूहमा आवद्ध सदस्यहरू
७	आवास कर्जा	विना धितो/स्वीकारयोग्य धितो	समूहमा आवद्ध सदस्यहरू

७. बचत शीर्षक:

क्र.सं.	बचतका प्रकार	बचतकर्ता
१	समूह बचत	समूह सदस्यहरू
२	व्यक्तिगत बचत	समूह सदस्य तथा अन्य धितो ऋणीहरू
३	वाल शिक्षा क्रमिक बचत	समूह सदस्यहरू
४	विशेष ग्रामीण बचत	समूह सदस्य वाहेकका धितो ऋणी सदस्यहरू
५	पेन्सन बचत	समूह सदस्यहरू
६	ग्रामीण उपकार बचत	समूह सदस्यहरू

८. राहत कार्यक्रम :

क्र.सं.	राहत कार्यक्रम	नियमानुसार पाउने सुविधा
१	प्रसुती खर्च	समूह सदस्य सुत्केरी भएमा बढीमा दुई पटकसम्म ।

२	किरीया खर्च	समूह सदस्यको श्रीमानको मृत्यु भएमा ।
३	औषधी उपचार खर्च	समूह सदस्य अस्पतालमा भर्ना भई उपचार गर्नु परेमा ।
४	पुनर्स्थापना खर्च	प्राकृतिक प्रकोपका कारण समूह सदस्यहरूको घरबास/परियोजना क्षति हुन गएमा ।
५	शिक्षामा प्रोत्साहन खर्च	समूह सदस्यका छोराछोरीहरू मध्ये निजी र सामुदायिक विद्यालयबाट SEE परिक्षामा अधिकतम प्राप्ताङ्क हासिल गर्नेलाई ।
६	कर्जाको क्षतिपूर्ति सम्बन्धी खर्च	समूह सदस्यको मृत्यु भएमा निजले संस्थालाई तिर्न बाँकी मध्ये नियमानुसारको रकम ।

५. ग्राहक सदस्यहरूको क्षमता अभिवृद्धि तथा केन्द्रको भौतिक पूर्वाधार विकास :

१	तालीम, गोष्ठी, अवलोकन भ्रमण
२	वित्तीय साक्षरता
३	उद्यमशीलता अभिवृद्धि कार्यक्रम
४	केन्द्रघर निर्माण तथा भौतिक सामाग्री वितरण

१०. संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यक्रम :

१	निःशुल्क स्वास्थ्य शिविर सञ्चालन
२	स्वास्थ्य बीमा कार्यक्रम वारे सुसुचित/उत्प्रेरणा गर्ने
३	बीमा कम्पनीहरूले संचालन गरेको लघुबीमा कार्यक्रम वारे सुसुचित/उत्प्रेरणा गर्ने
४	शैक्षिक सहयोग
५	वातावरण संरक्षण तथा सांस्कृतिक प्रवर्द्धन
६	वित्तीय साक्षरता कार्यक्रम
७	संस्थागत सामाजिक उत्तरदायित्व कोष कार्यविधीमा उल्लेख भएका अन्य कार्यक्रम



ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेड

चौथो वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट अध्यक्षद्वारा प्रस्तुत आ.व.२०७४/७५ को वार्षिक प्रतिवेदन

शेयरधनी महानुभावहरू,

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.को चौथो वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरू, विभिन्न शेयरधनी संस्थाहरूबाट पाल्नु भएका प्रतिनिधिहरु, पर्यवेक्षक तथा पत्रकार वन्धुहरूमा सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत तथा अभिवादन गर्दछु । यस साधारण सभामा संस्थाका शेयरधनी महानुभावहरूबाट प्राप्त हुने सल्लाह, सुझाव एवं मार्गदर्शनले संस्थाको भावी लक्ष्य तथा कार्यक्रम निर्धारण गर्न सहयोग मिल्ने विश्वास लिएको छु ।

राष्ट्रिय स्तरमा कार्यक्षेत्र रहेको "घ" वर्गको यस लघुवित्त वित्तीय संस्थाले विपन्न वर्गका घरपरिवारहरू खासगरी महिलाहरूलाई विभिन्न व्यवसाय/उद्यम संचालन गर्न सामुहिक जमानीमा विनाधितो लघुव्यवसाय तथा धितोमा लघुउद्यम कर्जाको माध्यमवाट वित्तीय श्रोत उपलब्ध गराई उनीहरुको रोजगारी सिर्जना र जीवनस्तरमा सुधार गर्दै आर्थिक संवृद्धि कायम गरी राष्ट्रको गरिबी न्यूनिकरणमा टेवा पुऱ्याई रहेको छ ।

चौथो साधारण सभाको यस अवसरमा संस्थाको आर्थिक वर्ष २०७४/७५ को वासलात, नाफा नोक्सान हिसाव, नाफा नोक्सान वाँडफाँड, नगद प्रवाह विवरण र सो उपर लेखापरीक्षकको प्रतिवेदन लगायत अन्य वित्तीय विवरणहरू स्वीकृतिका लागि सभा समक्ष पेश गर्न तथा चालु आर्थिक वर्षको प्रथम त्रैमासिक अवधीमा भएका उपलब्धी र चालु आर्थिक वर्ष २०७५/७६ को लागि लिइएका रणनीति तथा कार्यक्रम लगायतका विविध विषयहरू सभा समक्ष पेश गर्न चाहन्छु ।

क. विगत वर्षको कारोवारको सिंहावलोकन :

(१) संचालन गतिविधिको समिक्षा : ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.ले आ.व. २०७४/७५ को आषाढ मसान्तसम्म देशका ५७ जिल्लामा रहेका १८८ वटा इलाका/शाखा कार्यालयहरु मार्फत ३५८ विभिन्न स्थानीय तहमा ८७६० केन्द्र संचालन गरी २१४४०९ समूह सदस्य र १३०६०९ ऋणी सदस्यहरूलाई मूलतः कर्जा तथा बचतको माध्यमबाट लघुवित्त सेवा पुऱ्याएको छ । २०७५ आषाढ मसान्तसम्म यस बैंकको कुल लगानीमा रहेको बाँकी कर्जा रू. ८ अर्ब ६६ करोड १४ लाख ९७ हजार र बचत परिचालन रू.२ अर्ब ७४ करोड ४६ लाख ६० हजार रहेको छ। गत वर्षको सोहि अवधिको तुलनामा लगानीमा रहि रहेको कर्जामा १२.१५ प्रतिशतले बृद्धि भएको छ ।

(२) वित्तीय स्थिति :

२.१ कुल आम्दानी : आर्थिक वर्ष २०७४/७५ मा यस संस्थामा व्याज आम्दानी रू. १ अर्व ५३ करोड ३३ लाख ९२ हजार, अन्य आम्दानी रू.१७ करोड २६ लाख ६९ हजार, नोक्सानी व्यवस्थाबाट फिर्ता आय रू. ५ करोड ५० लाख ६१ हजार, कर्जा अपलेखन असुलीबाट रु. १० लाख २८ हजार र गैर संचालन आम्दानीबाट रु.७९ लाख ७० हजार गरी जम्मा रू.१ अर्व ७७ करोड १ लाख २० हजार कुल आम्दानी हुन गएको छ । गत वर्षको सोही अवधिको तुलनामा कुल आम्दानी १०.१२ प्रतिशतले.बृद्धि भएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

२.२ कुल खर्च : आ.व. २०७४/७५ मा यस संस्थामा कर्मचारी खर्च रू. ६३ करोड ९३ लाख ५८ हजार, कार्यालय सञ्चालन खर्च रू.९ करोड ९० लाख २७ हजार, व्याज खर्च रू. ६५ करोड ६६ लाख ८५ हजार र संभावित नोक्सानी व्यवस्था खर्च रू.१२ करोड ४४ लाख १५ हजार गरी कूल खर्च रू. १ अर्व ५१ करोड ९४ लाख ८५ हजार हुन गएको व्यहोरा जानकारी गराउन चाहन्छु । यस अवधिमा कुल खर्च गत वर्षको सोही अवधिको तुलनामा ९.७२ प्रतिशतले बृद्धि भएको छ । यसरी कुल खर्च बृद्धि हुनुको प्रमुख कारणमा समीक्षा अवधिमा विभिन्न बैंक तथा वित्तीय संस्थाहरुसँग लिइएको कर्जा सापटको व्याजदरमा बृद्धि, घरभाडामा भएको बृद्धि लगायत रहेको व्यहोरा अवगत गराउन चाहन्छु ।

२.३ सम्पूर्ण कारोवार पछिको मुनाफा : आर्थिक वर्ष २०७४/७५ मा यस संस्थाको कुल आम्दानी रू.१ अर्ब ७७ करोड १ लाख २० हजार र कुल खर्च रू. १ अर्ब ५१ करोड ९४ लाख ८५ हजार भई सम्पूर्ण कारोवार पछिको मुनाफा रू. २५ करोड ६ लाख ३५ हजार हुन गएको छ। समीक्षा अवधिमा गत वर्षको तुलनामा मुनाफामा १२.६५ प्रतिशतले वृद्धि हुन गएको छ।

२.४ संचित नाफा/नोक्सान : संस्था मर्जर हुँदाका समयमा कुल रू. ७६ करोड ६१ लाख १५ हजार संचित नोक्सानी रहेकोमा मर्ज पश्चातका चार आ.व.हरूमा यसमा क्रमशः सुधार हुँदै २०७५ आषाढ मसान्तमा यस संस्थाको कुल संचित नोक्सानी रू.२५ करोड २६ लाख ४४ हजार कायम हुन आएको छ।

(३) संस्थाको वर्तमान पुँजी संरचना: यस संस्थाको अधिकृत पुँजी रू.१ अर्ब, जारी पुँजी रू. ६५ करोड ५० लाख र चुक्ता पुँजी रू. ६५ करोड ५० लाख रहेको छ।

(४) संस्थागत सुशासन: संस्थागत सुशासन (Corporate Governance) को स्तरलाई उच्च राख्न संस्था प्रतिवद्ध छ। सोही अनुरुप संचालक समितिका कामकारवाहीहरू तथा संस्थाका अन्य सबै क्रियाकलापहरू पारदर्शी रूपमा संचालन गरी संस्थागत सुशासनलाई अझ सुदृढ बनाउन संस्था सदैव क्रियाशील छ। संस्थाले नेपाल राष्ट्र बैंक एवं नियमनकारी निकायहरूबाट समय समयमा जारी भएका नीति निर्देशनलाई सजगताका साथ पूर्ण रूपमा पालना गर्दै आएको र भविष्यमा समेत पालना गर्ने छ।

(५) लघु बीमा कार्यक्रम: संस्थाले विपन्न वर्गका सदस्यहरूलाई प्रवाह गरेको लघुकर्जाको सुरक्षण र जोखिम न्यूनिकरणका लागि आर्थिक वर्ष २०७४/७५ देखि म्यादी जीवन बीमा कार्यक्रम संचालन गर्न शुरु गरिएको छ। यस सम्बन्धी कार्यका लागि रिलायबल नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.,काठमाडौं र सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लि.,काठमाडौंसँग संझौता गरी काम शुरु गरिसकिएको छ भने पशुधन सुरक्षणको लागि निक्षेप तथा कर्जा सुरक्षण कोष, काठमाण्डौसँग सम्झौता गरी काम प्रारम्भ गरिएको छ। लघुबीमा कार्यक्रमले संस्थाबाट प्रवाह भएको लघुकर्जाको सुरक्षण र जोखिम न्यूनिकरण गर्न मद्दत पुग्ने विश्वास लिइएको छ।

(६) राजश्वमा योगदान: संस्थाले आ.व. २०७४/७५ मा संस्थागत आयकर वापत रू.११ करोड २३ लाख २७ हजार ७ सय ३७ राजश्वमा योगदान गरेको छ।

ख. राष्ट्रिय/अन्तर्राष्ट्रिय परिस्थितिबाट संस्थालाई परेको प्रभाव :

अन्तर्राष्ट्रिय परिस्थितिबाट यस संस्थालाई प्रत्यक्ष रुपमा कुनै असर परेको छैन तथापी राष्ट्रिय परिस्थितिबाट भने संस्थाको कारोवार विस्तारमा केही हदसम्म प्रभाव पर्ने गरेको छ। समीक्षा अवधिमा वित्तीय बजारमा देखिएको तरलताको असहज अवस्था एवं विभिन्न स्थानमा प्राकृतिक प्रकोप आदि कारणले संस्थाको सेवा विस्तार, असुली, बचत बृद्धि लगायतमा प्रभाव परेको छ। त्यस्तै लघुवित्त वित्तीय संस्थाहरुको वाक्लो उपस्थितिका कारण लघुवित्त कार्यक्रममा दोहोरोपना तथा कडा प्रतिस्पर्धा हुनुले संस्थाको व्यवसायमा असर पुऱ्याएको छ। मुलुकका वाणिज्य बैंकहरूको शाखा सञ्जाल ग्रामीण क्षेत्रमा विस्तार हुदै गएको र यी बैंकहरुले समेत प्रत्यक्ष रुपमा लघुकर्जा (विपन्न वर्ग कर्जामा गणना हुने) लगानी गर्न थालेकाले लघुवित्त संस्थाको व्यवसाय विस्तारमा चुनौती थपिएको छ। विपन्न वर्ग कर्जा अन्तरगत थोक कर्जा प्रदान गर्ने वाणिज्य बैंक तथा वित्तीय संस्थाहरुले प्रदान गर्दै आएको कर्जाको व्याजदरमा भएको उल्लेख्य बृद्धिले समेत संस्थाको मुनाफामा प्रभाव पारेको छ। ग्राहकको उचित पहिचान गर्ने, प्रतिस्पर्धात्मक व्यवसायिक क्षमता विकास गर्ने, व्यवसायमुखी दीगो र सक्रिय मानव संसाधनको उचित व्यवस्थापन गर्ने, आधुनिक सूचना प्रविधिको उच्चतम प्रयोग गर्ने, साख सूचना आदान प्रदान गर्ने, बढ्दो संचालन लागतलाई नियन्त्रण गर्ने, ग्राहकहरुलाई संरक्षण गरी समूह त्याग गर्ने प्रवृतिमा कमी गर्ने लगायतका चुनौतिहरू संस्थासामु नियमित रूपमा देखा परिरहेका छन्। यस्ता चुनौति तथा समस्या समाधान गर्न संचालक समिति तथा व्यवस्थापन योजनावद्ध रूपमा लागि परेको छ। शेयरधनी महानुभावहरूबाट समेत यस विषयमा उपयूक्त राय सुझावको अपेक्षा गरेका छौं।

ग. चालु वर्षको उपलब्धी र संस्थाको भावी योजना :

(१) आ.व.२०७५/७६ को प्रथम त्रैमासिक अवधिको उपलब्धी : संस्थामा यस अवधिमा लगानीमा रहि रहेको कर्जा रू.९ अर्ब ९ करोड ३६ लाख ६० हजार, बचत परिचालन रू.२ अर्ब ८४ करोड ४९ लाख ५ हजार, कुल

आम्दानी रू.४२ करोड ७८ लाख ७ हजार, कुल खर्च रू.३८ करोड २१ लाख ६ हजार भई संचालन मुनाफा रू.४ करोड ५७ लाख १ हजार (अपरिस्कृत) रहेको व्यहोरा शेयरधनी महानुभावहरू समक्ष अवगत गराउन चाहन्छु । गत आ.व.को सोही अवधिको तुलनामा चालु आ.व.को प्रथम त्रैमासिक अवधिको तथ्यांङ्कलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

(रकम रू. हजारमा)

विवरण	२०७५ प्रथम त्रैमासिक	२०७४ प्रथम त्रैमासिक	वृद्धि	वृद्धि प्रतिशत
सदस्य संख्या	२१५,६९३	२११,४९१	४२०२	१.९९
ऋणी संख्या	१३१,८२२	१३५,४५२	(३६६०)	(२.६८)
लगानीमा रहि रहेको कुल कर्जा (रू.)	९,०९३,६६०	८,०४२,०३७	१,०५१,६२३	१३.०७
बचत परिचालन (रू.)	२,८४४,९५०	२,३६४,८५४	४८०,०९६	२०.३०
आम्दानी (रु.)	४२७,८०७	३७९,१८०	४८,६२७	१२.८२
खर्च (रू.)	३८२,१०६	३५०,८१६	३१,२९०	८.९२
सञ्चालन नाफा(अपरिष्कृत) (रू.)	४५,७०१	२८,३६४	१७,३३७	६१.१२

(२) कार्यक्रम विस्तार : चालुमा आ.व. मा संस्थाको कार्यक्रम नपुगेका थप ५ जिल्लामा सम्भाव्यता अध्ययन गरी ५ वटा शाखा विस्तार गर्ने लक्ष्य राखिएको छ । संस्थाले चालु आ.व. २०७५/७६ को अन्तसम्ममा गत वर्षको सोहि अवधिको तुलनामा सदस्य संख्यामा ६.३८ प्रतिशत, ऋणी संख्यामा १०.१६ प्रतिशत, लगानीमा रहि रहेको कर्जामा १५.४९ प्रतिशत, कुल बचतमा २९.१७ प्रतिशतले बृद्धि गर्ने लक्ष्य लिएको व्यहोरा समेत सभा समक्ष अवगत गराउन चाहन्छु ।

(३) भावी योजना/रणनीति :

३.१ जनशक्ति व्यवस्थापन : संस्थामा स्थायी, अस्थायी, करार र दैनिक ज्यालादारी समेत गरी जम्मा ९१७ जना कर्मचारीहरु कार्यरत रहेका छन् । संस्थालाई चुस्त, छरितो, मितव्ययी, प्रतिस्पर्धी र प्रभावकारी रूपमा विकास गर्न आवश्यक पर्ने उपयुक्त सांगठनिक संरचना एवं जनशक्ति व्यवस्थापन सम्बन्धमा चालु आ.व.२०७५/७६ को यस अवधिमा ओ. एण्ड एम. (O&M) सर्वेक्षणको कार्य सम्पन्न भई प्रतिवेदन प्राप्त भएको छ । उक्त प्रतिवेदन अध्ययन गरी प्राप्त सुझावहरुका आधारमा संस्थाको संगठनात्मक पुनरसंरचना, उपयुक्त जनशक्ति व्यवस्थापन एवं कार्यप्रणालीमा सुधार गरिने छ ।

संस्थाको उत्पादकत्व बृद्धिमा सबै भन्दा ठूलो भूमिका तथा योगदान कर्मचारी वर्गको हुने भएकोले आगामी दिनमा समेत कर्मचारीहरूको दक्षता अभिबृद्धि र मनोवल बढाउने कार्यलाई उच्च प्राथमिकतामा राखि निरन्तरता दिइने छ ।

३.२ सेवा विस्तार तथा विविधिकरण: विगत लामो समय देखि संस्थाले देशका ५७ जिल्लाका विभिन्न क्षेत्रहरुमा लघुवित्त सेवा प्रदान गर्ने क्रममा विपन्न वर्गका घरपरिवारहरूलाई आयआर्जन र स्वरोजगारी तर्फ उत्प्रेरीत गर्दै आएको छ । यस अन्तर्गत आफ्ना ग्राहक सदस्यहरूलाई कृषि तथा पशुपंक्षीजन्य व्यवसायहरू (तरकारी खेती, फलफूल खेती, नगदेवाली, दुग्धजन्य व्यवसाय, वाखापालन, कुखुरापालन, वंगुरपालन, गाईभैसी पालन, मत्स्यपालन आदि), लघुउद्यम व्यवसायहरू, घरेलु उद्योग लगायतका परियोजनाहरू संचालन गर्न प्रोत्साहित गर्दै आएकोमा आगामी दिनमा यस तर्फ थप प्रोत्साहन गरिने छ ।

३.३ संस्थाको जग्गा/जमिन संरक्षण र उपयोग : यस संस्थाको नाममा कैलाली र कंचनपुर जिल्लामा ३ विगाहा, बाँके र बर्दिया जिल्लामा १ विगाहा १ कट्ठा १५ धुर, नवलपरासी जिल्लामा ३ कट्ठा १० धुर र सुनसरी, मोरङ्ग र झापा जिल्लामा १३ कट्ठा २ धुर जग्गा/जमिन रहेको छ । यी जग्गा/जमिनको उचित संरक्षण गर्दै यसवाट संभव भए सम्मको प्रतिफल लिने गरी कार्य गरिने छ ।

३.४ पुँजी वृद्धि योजना : हाल संस्थाको अधिकृत पुँजी रु. १ अर्ब, जारी तथा चुत्ता शेयर पुँजी रू.६५ करोड ५० लाख रहेको छ । गत आश्विन ५, गतेका दिन सम्पन्न भएको संस्थाको विशेष साधारण सभाको निर्णय अनुसार संस्थाको वर्तमान जारी तथा चुक्ता पुँजी रु.६५,५०,००,०००/- (अक्षरुपी पैसट्ठी करोड पचास लाख मात्र) को ५० प्रतिशत (१ : ०.५ अनुपातमा) हकप्रद शेयर जारी गरी पुँजी बृद्धि गर्ने कार्य अगाडि बढाइएको छ। उक्त अनुपातमा हकप्रद शेयर जारी भए पश्चात संस्थाको जारी तथा चुत्ता शेयर पुँजी रू. ९८ करोड २५ लाख पुग्ने छ । यसवाट संस्थाको पुँजीको आधार थप मजवुत भई व्यवसाय विस्तारमा सघाउ पुग्ने विश्वास लिइएको छ ।

३.५ निष्कृय कर्जा असुली सम्बन्धमा : संस्थामा रहेको निष्कृय कर्जाको अंशलाई स्वीकारयोग्य विन्दुमा कायम राख्ने कार्य चुनौतिपूर्ण रहेको छ । आर्थिक वर्ष २०७४/७५ को आषाढ मसान्तमा निस्कृय कर्जाको अंश ४.३८ प्रतिशत रहेको छ । निष्कृय कर्जा असुल उपर गरी यसतर्फ उल्लेखनीय सुधार गर्न विशेष सक्रियताका साथ कार्य भईरहेको छ । यसका लागि कर्जा असुली सम्वन्धी नीतिगत व्यवस्था गरी सो को प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ ।

३.६ सफ्टवेयर जडान तथा यान्त्रीकरण : संस्थामा एउटै आधुनिक र प्रभावकारी Computer Software System लागु गरी कारोवारलाई यान्त्रिकीकरण गर्ने कार्यलाई चरणवद्ध रुपमा अघि वढाइएको छ । मर्जरका समय देखिनै संस्थाको विभिन्न क्षेत्रीय कार्यालय अन्तर्गत भिन्न भिन्न Software प्रयोगमा रहेको, अधिकांश शाखा कार्यालयहरुमा Mannul रुपमा कार्य भइरहेकोमा समीक्षा अवधि सम्ममा क्षेत्रीय कार्यालय बुटवल अन्तर्गतका सवै इलाका/शाखा कार्यालयहरुमा Empower Software प्रयोगमा ल्याई सकिएको छ । क्षेत्रीय कार्यालय विराटनगर अन्तर्गतका २१ वटा शाखा कार्यालयहरुमा Empower Software प्रयोगमा ल्याईएको र बाँकी शाखाहरुमा Data Migration को कार्य भइरहेको छ । क्षेत्रीय कार्यालय जनकपुर अन्तर्गतका ५ वटा शाखामा र क्षेत्रीय कार्यालय धनगढी अन्तर्गतका ५ वटा शाखामा समेत Empower Software जडान भई कार्य शुरु गरिएको छ । क्षेत्रीय कार्यालय नेपालगंज अन्तर्गत Pumory Software प्रयोगमा रहेकोमा सो Software समय सापेक्ष Upgrade नभई संचालनमा समस्या आउन थालेकोले सो को सट्टामा समेत Empower Software प्रयोगमा ल्याउने योजना अनुरुप हाल १० वटा शाखा कार्यालयहरुमा Data Migration को कार्य भइरहेको छ । संस्थामा यान्त्रिकीकरणलाई द्रुत गतिमा विस्तार गर्न केही प्राविधिक जनशक्तिको आवश्यकता महशुस गरी सो जनशक्ति व्यवस्थापनको कार्य अघि वढाइएको छ । यसप्रकार संस्थाको Automation कार्यलाई चरणवद्ध रुपमा अघि बढाई सो संचालन गर्न जनशक्तिलाई अभ्यस्त बनाई Centralized Core Banking System संस्थामा भित्र्याउने योजना वनाइएको छ ।

कम्प्यूटर सफ्टवेयरको प्रयोगबाट संस्थाको काम कारवाही छिटो छरितो हुन गई बचत हुन जाने समयमा कर्मचारीहरुलाई कार्यक्रम विस्तार, निस्कृय कर्जा असुली तथा कर्जा सदुपयोगिता निरिक्षण जस्ता महत्वपूर्ण काममा परिचालन गर्न सकिने, कर्मचारी तथा समग्र संस्थाकै उत्पादकत्व वृद्धि गर्न सहयोग पुग्नुको साथै यसबाट प्राप्त हुने तथ्यांकहरुको आधारमा संस्थाको यथार्थ स्थितिको निरन्तर विश्लेषण गरी सो बमोजिमका रणनीतिहरु अख्तियार गर्न सघाउ पुग्ने विश्वास लिइएको छ ।

३.७ सीप विकास तालिम कार्यक्रम संचालनः संस्थामा आवद्ध ग्राहक सदस्यहरु विशेषत महिलाहरुको सीप विकास गर्न घरेलु तथा साना उद्योग कार्यालय र सीप विकास तालिम केन्द्रका साथै स्थानीय स्तरमा रहेका सरकारी तथा विभिन्न गैर सरकारी संस्थाहरुसंग आवश्यक समन्वय गरी ती निकायहरुको सहयोगमा ग्राहक सदस्यहरुको लागि उपयोगी हुने खालका सीप विकास, उद्यम विकास तथा उत्पादनमुखी तालिम कार्यक्रममा सरिक गराउने योजना अनुरुप आ.व.२०७४/७५ मा २५ जना सदस्यहरुलाई नेपाल सरकार, पशु सेवा निर्देशनालयको प्राविधिक सहयोगमा ४ दिने व्यावसायीक बाखा पालन तालिम प्रदान गरिएको छ। यस प्रकारको कार्यक्रमलाई आगामी दिनमा प्रभावकारी रुपमा संचालन गरिने छ। यसबाट ग्राहक सदस्यहरुको व्यवसायिकतामा बृद्धि भै संस्थाको कर्जा तथा बचत कार्यक्रममा समेत सघाउ पुग्ने भएकोले संस्थाले आफ्नै आन्तरीक श्रोत परिचालनबाट समेत ग्राहकका लागि यस्ता कार्यक्रमहरू संचालन गरिने छ ।

घ. कम्पनीको औद्योगिक एवं व्यवसायीक सम्बन्ध :

यस वित्तीय संस्थाले नेपाल सरकार लगायत नियमनकारी निकायहरू नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्टारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ लि.र विभिन्न बैंक तथा वित्तीय संस्था सबै सरोकारवालाहरूसँग सुमधुर व्यवसायीक सम्बन्ध स्थापित गरेको छ। आगामी दिनमा समेत सबै सरोकारवालाहरूसँग व्यवसायिकता र पारदर्शिताको आधारमा कायम रहेको सम्वन्धलाई थप सुमधुर वनाई प्रभावकारी सहकार्य गरिनेछ। यसैगरी सरकारी तथा गैर सरकारी संस्थाहरूसँगको समन्वय र सहकार्यबाट कर्मचारी वर्ग, ग्राहक सदस्य र संस्थाको व्यवसायिक क्षमता अभिवृद्धि गर्ने लक्ष्य समेत राखिएको छ।

ङ. संस्थाको संचालक समिति :

यस संस्थाको संचालक समितिमा नेपाल सरकारबाट प्रतिनिधित्व गर्दै आउनु भएका संचालक श्री हिक्मत वहादुर भण्डारीको सट्टामा मिति २०७५/४/१४ देखि श्री सुब प्रसाद रिजालले प्रतिनिधित्व गर्दै आउनु भएको छ। यसैगरी नेपाल राष्ट्र बैंकबाट प्रतिनिधित्व गर्दै आउनु भएका संचालक श्री हरिशरण के.सी. को सट्टामा मिति २०७४/१२/९ देखि श्री बम बहादुर मिश्रले प्रतिनिधित्व गर्दै आउनु भएको छ। नेपाल बंगलादेश बैंक लि.बाट प्रतिनिधित्व गर्दै आउनु भएका संचालक श्री सुरेश देवकोटाको सट्टामा मिति २०७५/२/१३ देखि श्री सलोनिका सिंहले प्रतिनिधित्व गर्दै आउनु भएको छ। यस अवधिमा संचालक श्री चन्द्रावती घिमिरे (पौडेल), श्री प्रज्वल ध्वज थापा र श्री जमुना ढकालले आफ्नो पदबाट राजिनामा दिनु भएको छ। त्यस्तै, स्वतन्त्र संचालकमा श्री रमेश दाहाल मिति २०७५/५/२१ देखि नियुक्ति हुनु भएको छ। निवर्तमान संचालक श्री हिक्मत बहादुर भण्डारी, श्री हरिशरण के.सी., श्री सुरेश देवकोटा, श्री चन्द्रावती घिमिरे (पौडेल), श्री प्रज्वल ध्वज थापा र श्री जमुना ढकालले यस संस्थाको उन्नती प्रगतिमा पुऱ्याउनु भएको योगदानका लागि उहाँहरूलाई धन्यवाद ज्ञापन गर्दछौं।

च. कारोवारलाई असर पार्ने मुख्य कुराहरु :

यस संस्थाको व्यवसायलाई नकारात्मक प्रभाव पार्ने प्रमुख कारक तत्वहरूलाई न्यूनिकरण गर्दै प्रभावकारी ढंगले संस्थालाई अगाडि बढाउन संचालक समिति र संस्थाको व्यवस्थापन प्रयत्नशील भई अगाडि बढीरहे को छ। वर्तमान अवस्थामा संस्थाको कारोवारलाई असर गर्ने मुख्य कुराहरूको व्यवस्थापनमा शेयरधनी महानुभावहरूबाट रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा समेत गरेका छौं। यस संस्थाको व्यवसायलाई प्रभाव पार्ने प्रमुख कारक तत्वहरु देहाय वमोजिम उल्लेख गरिएको छ।

- संस्थाले विगत लामो समयदेखि नै बजार क्षेत्र, बजार उन्मुख क्षेत्र र विभिन्न ग्रामीण क्षेत्रमा इलाका/शाखा कार्यालय मार्फत लघुवित्त कार्यक्रम संचालन गरेकोमा तत् तत् क्षेत्रमा नयाँ लघुवित्त संस्थाहरू थप भई संचालन हुने क्रम जारी रहेकोले एकै स्थान र क्षेत्रमा एक भन्दा बढी लघुवित्त वित्तीय संस्थाहरुको उपस्थितिका कारण एउटै व्यक्तिले विभिन्न संस्थाहरूबाट कर्जा लिने प्रवृति बढेको हुँदा लघुकर्जामा दोहोरोपना।
- लघुवित्त क्षेत्रमा देखिएको तीव्र प्रतिस्पर्धाको कारणले कर्जा अनुशासनमा नकारात्मक प्रभाव पर्न गई भाखा नाघेको कर्जाको मात्रा बढ्न सक्ने जोखिम।
- समान प्रकृतिको काम गर्ने संस्थाहरुको बीचमा शाख सूचना आदान प्रदान गर्ने कार्यको प्रभावकारी कार्यान्वयन र समन्वयमा कमी।
- वित्तीय प्रणालीमा हुने तरलताको असहजताबाट कर्जा सापटको व्याजदरमा भएको/हुने अधिक बृद्धि।
- लगानीका लागि वित्तीय स्रोतको अपर्याप्तता।
- व्याज खर्च एवं संचालन खर्च वृद्धि भई संस्थाको दीगोपनामा असर।
- पुँजी बजारमा भएको उतारचढावबाट हुने जोखिम।
- देशको अर्थव्यवस्थामा हुने उतार चढाव एवं राजनीतिक वातावरण।
- प्राकृतिक प्रकोपबाट सृजना हुने परिस्थिति।
- सरकारी तथा नियमनकारी निकायको नीतिमा हुने परिवर्तन।

छ. **लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भएको भए सो उपर संचालक समितिको प्रतिक्रिया** : यस संस्थाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण प्रतिवेदनमा नियमित कारोवारमा देखिएको सामान्य कैफियतहरु वाहेक कुनै गम्भिर प्रकृतिको टिप्पणी रहेको छैन । लेखापरीक्षकले औल्याएका कतिपय कैफियतहरु सुधार गरिसकिएको र बाँकी कैफियतहरु सुधार हुने क्रममा रहेका छन् ।

ज. **लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम** : शेयरधनी सदस्यहरुलाई लगानीको उचित प्रतिफल दिनुपर्छ भन्ने विषयमा संस्थाको सञ्चालक समिति र व्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ । तर मर्जरको बेला कायम रहेको संचित नोक्सानी क्रमशः घट्दै गएको भएतापनि आर्थिक वर्ष २०७४/७५ मा समेत सञ्चित नोक्सानीको अंश पूर्ति भई नसकेको हुँदा लाभांश वितरणको प्रस्ताव नरहेको व्यहोरा शेयरधनी महानुभावहरूलाई जानकारी गराउन चाहन्छु ।

झ. **आन्तरिक नियन्त्रण प्रणाली** : संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी रुपमा संचालन गर्न विभिन्न नीति/नियम/विनियम/निर्देशिकाको तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । संस्थामा संचालक समिति स्तरीय लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति सुद्धिकरण तथा अनुगमन समिति र कर्मचारी सेवा सुविधा समिति क्रियाशील रहेका छन् । संस्थाका सबै कार्यालयहरूको नियमित रूपमा आन्तरीक लेखापरीक्षण गर्ने गरिएको छ । संस्थामा विद्यमान कर्मचारी सेवा, शर्त र सुविधा सम्बन्धी विनियमावली, आर्थिक प्रशासन विनियमावली, कर्जा अपलेखन विनियमावली, कर्जा निर्देशिका, बचत परिचालन निर्देशिका, आन्तरिक लेखापरीक्षण तथा निरीक्षण निर्देशिका, ग्राहक संरक्षण कोष संचालन कार्यविधी लगायतका विनियमावली, नीति, निर्देशिका तथा कार्यविधिहरूमा समयानुकुल आवश्यकता अनुसार परिमार्जन गरी सो बमोजिम आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी वनाई काम कारवाहिहरु गर्ने गरिएको छ ।

ञ. **लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सो को विवरण:**

यस संस्थाको लेखापरीक्षण समितिमा गैर कार्यकारी संचालक श्री बम बहादुर मिश्र संयोजक, संचालक श्री जमुना ढकाल (मिति २०७५/०९/१६ गतेसम्म) सदस्य र आन्तरिक लेखापरीक्षण विभागका प्रमुख सदस्य सचिवका रुपमा रहनु भएको छ । लेखापरीक्षण समितिका संयोजक र संचालक सदस्यलाई समितिको बैठक बसेको दिन प्रति बैठक रु.३५००।- का दरले र सदस्य सचिवलाई रु.१६००।-का दरले बैठक भत्ता प्रदान गर्ने गरिएको छ । समीक्षा अवधिमा लेखापरीक्षण समितिका १० वटा बैठकहरु वसेका छन् ।

यस समितिले नेपाल राष्ट्र बैंकबाट जारी निर्देशनमा उल्लेखित लेखापरीक्षण समितिको काम कारवाहीको परिधि भित्र रही संस्थाको वित्तीय स्थिति, आन्तरिक नियन्त्रण प्रणाली, जोखिम व्यवस्थापन प्रणाली, विभिन्न ऐन, नियम निर्देशन, निर्देशिका एवं मापदण्डहरूको पालना, लेखापरीक्षण कार्य तालिका लगायतका विषयमा समीक्षा गर्ने गरेको छ । समितिले आन्तरीक लेखापरीक्षण प्रतिवेदनहरू उपर नियमित रुपमा समीक्षा गरी कैफियत सुधारका लागि व्यवस्थापनलाई निर्देशन दिने गरेको छ । यसैगरी संस्थागत सुधारका लागि संचालक समिति समक्ष विभिन्न सुझाव पेश गर्ने कार्य समेत समितिले गर्ने गरेको छ ।

ट. **संस्थाले सम्पादन गरेका अन्य गतिविधिहरू** :

(१) **कर्मचारी तालिम, वृत्ति विकास तथा उत्प्रेरणा :** संस्थाले कर्मचारीहरूको उत्पादकत्व बृद्धि गर्न, उनीहरूमा उत्प्रेरणा जगाउन विभिन्न तालिम, गोष्ठी तथा भ्रमणमा सहभागी गराउने लक्ष्यका साथ वजेटको व्यवस्था गर्दै आएको छ । आ.व. २०७४/७५ मा अधिकृतस्तरका १२६ जना र सहायकस्तरका ९४ जना गरी जम्मा २२० जना कर्मचारीहरूलाई विभिन्न तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणमा सहभागी गराइएको छ । नयाँ नियुक्त १९ जना फिल्ड सहायक कर्मचारीहरुलाई अभिमुखिकरण तालिम दिइएको छ । कर्मचारीहरूको मनोवल बढाउनका लागि उत्कृष्ट काम गर्ने ३० जना कर्मचारीहरूलाई संस्थाको चौथो वार्षिकोत्सवका अवसरमा पुरस्कृत गरिएको छ । समीक्षा अवधिमा बरिष्ठ सहायक पदबाट सहायक अधिकृत पदमा ३१ जना, सहायक अधिकृत पदबाट अधिकृत पदमा १३ जना, अधिकृत पदबाट वरिष्ठ अधिकृत पदमा ४ जना, वरिष्ठ अधिकृत पदबाट उपनिर्देशक पदमा ४ जना गरी कुल ५२ जना कर्मचारीहरूलाई आन्तरिक लिखित प्रतिस्पर्धावाट

बढुवा भएका छन् । चालु आ.व.मा समेत संस्थालाई उपयोगी हुने स्वदेशी/विदेशी तालिम, गोष्ठी, सेमिनार, अवलोकन भ्रमणहरूमा कर्मचारीहरूलाई सहभागी गराउने योजना रहेको छ ।

(२) **समूह सदस्यहरूलाई तालिम, गोष्ठी, अवलोकन भ्रमण तथा सम्मान :** संस्था र समूह सदस्यहरूबीचको सम्बन्धलाई दिगो र विश्वासिलो बनाई राख्न केन्द्र प्रमुख र सदस्यहरुको भूमिका अत्यन्तै महत्वपूर्ण रहन्छ । संस्थाका नीति नियम तथा संस्थाले प्रदान गर्ने लघुवित्त सेवाहरुको बारेमा ग्राहक सदस्यहरुलाई अवगत गराई उनीहरुको वास्तविक समस्या र आवश्यकताका बारेमा जानकारी लिने उद्देश्यले विभिन्न रचनात्मक कार्य गर्ने गरिएको छ । यस अन्तर्गत गत आर्थिक वर्षमा ५ वटा क्षेत्रीय कार्यालयहरूबाट १८१ जना सदस्यहरूलाई अन्तर क्षेत्रीय अवलोकन भ्रमण गराइएको, क्षेत्रीय कार्यालय मार्फत विभिन्न शाखाहरुका १३४७ जना समूहमा आवद्ध केन्द्र प्रमुख/उपप्रमुख/सदस्यहरुलाई पुनर्ताजगी तालिम/कार्याशाला गोष्ठीमा सहभागी गराइएको छ । संस्थाको चौथो वार्षिकोत्सवका अवसरमा अनुशासित समूह सदस्यहरू २५ जनालाई सम्मान गरिएको छ । क्षेत्रीय कार्यालय धनगढी मातहतका २५ जना ऋणी सदस्यहरूलाई व्यवसायिक बाखापालन तालिम प्रदान गरिएको छ । चालु आर्थिक वर्ष २०७५/७६ मा समेत सदस्यहरूलाई अवलोकन भ्रमण, तालिम/कार्यशाला गोष्ठी आदिमा बढी भन्दा बढी सहभागी गराउने लक्ष्य लिइएको छ ।

(३) **ग्राहक सदस्यहरुलाई राहत वितरण :** संस्थाले अनुशासित, परिश्रमी र इमान्दार ग्राहक सदस्यहरुलाई विभिन्न शिर्षक अन्तरगत राहत वितरण गर्दै आएको छ । आ.व. २०७४/७५ को अवधिमा प्रसुती खर्च वापत ८८८ जना सदस्यहरुलाई रु. १३ लाख ३३ हजार ५ सय, किरिया खर्च वापत २९० जना सदस्यहरुलाई रु. ८ लाख ७० हजार, पुनर्स्थापना खर्च वापत १६९५ जना सदस्यहरुलाई रु. १६ लाख ६१ हजार २ सय ५०, सदस्यको मृत्यु भएमा प्रदान गरिने कर्जा क्षतिपूर्ति खर्च वापत १५४ जना सदस्यका परिवारलाई रु. ६८ लाख ४३ हजार ५ सय ५३, औषधी उपचार खर्च वापत १९९ जना सदस्यहरुलाई रु. ९ लाख ६८ हजार ८ सय ४८ र सदस्यका छोरा छोरीहरुलाई शैक्षिक प्रोत्साहन खर्च वापत ३० जनालाई रु. ९० हजार राहत वितरण गरिएको छ । यसरी विभिन्न शिर्षकमा वितरण गरिएको रातहको कुल खर्च रकम रु. १ करोड १७ लाख ६७ हजार १ सय ५१ र यसबाट लाभान्वित ग्राहक सदस्य संख्या ३२५६ जना रहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

(४) **वित्तीय साक्षरता तथा ग्राहक संरक्षण :** समीक्षा अवधिमा वित्तीय जागरण अन्तर्गत सुनसरी जिल्लाको इटहरीमा नेपाल राष्ट्र बैंकको प्रबर्द्धन र मिडिया इन्टरनेशनलको आयोजनामा २०७४ पौष १४ देखि १६ गतेसम्म संचालन भएको बैंक/बीमा एक्स्पोमा यस संस्थाले सहभागीता जनाएको छ । संस्थाको कार्यक्रम विस्तारको प्रभावकारीता एवं प्रवाहित कर्जाको गुणस्तरको अवस्था प्रत्यक्ष रुपमा ग्राहकसँग जोडिएको हुनाले ग्राहकहरूलाई सामाजिक कार्यक्रम, वित्तीय सुशासन एवं जानकारीका लागि वित्तीय साक्षरता सम्बन्धी गोष्ठी सञ्चालन गर्ने लक्ष्य राखिएको छ । ग्राहकसँग संस्थाको सुमधुर सम्बन्ध दीर्घकालसम्म कायम राख्नका लागि ग्राहक संरक्षण नीति तयार गरी लागु गरिएको छ । नेपाल राष्ट्र बैंकको निर्देशन मुताविक ग्राहक संरक्षण कोषमा प्रत्येक वर्ष खुद नाफाको १ प्रतिशत रकम छुट्याइ जम्मा गरिएको छ । उक्त कोषको सञ्चालन तथा उपयोगको लागि कार्यविधि बनाई लागु गरिएको छ ।

(५) **संस्थागत सामाजिक उत्तरदायित्व :** संस्थाले सामाजिक क्रियाकलापमा खर्च गर्ने गरी छुट्टै संस्थागत सामाजिक उत्तरदायित्व कोष खडा गरी उक्त कोषमा खुद नाफाको १ प्रतिशत रकम जम्मा गरिएको छ । सो कोषको रकमबाट सामाजिक उत्तरदायित्व सम्बन्धी विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ । चालु आ.व.को प्रथम त्रयमासमा समाजिक उत्तरदायित्वसँग सम्बन्धित कार्यक्रम अन्तरर्गत निःशुल्क स्वास्थ्य शिविर संचालन, अपाङ्गहरूलाई खाद्यान्न तथा जिन्सी सामग्री वितरण, बृक्षारोपण, रक्तदान कार्यक्रम संचालन गरिएको छ ।

ठ. प्रतिवद्धता :

यस संस्थाको उन्नति र प्रगतिका लागि नेपाल सरकार अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रार को कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ लि., शुभेच्छुक संघ संस्था, सम्पूर्ण शेयरधनी महानुभावहरू, कर्मचारी वर्ग, ग्राहक सदस्यहरू तथा अन्य महानुभावहरूबाट समय समयमा प्राप्त राय सुझावलाई समितिले हार्दिकता पूर्वक ग्रहण गर्दै आएको छ । संस्थाले आफ्ना ग्राहक सदस्यहरूलाई प्रदान गर्ने सेवा सुविधामा क्रमशः सुधार गर्दै आइरहेको र भविष्यमा पनि ग्राहक सदस्यहरूलाई

प्रदान गरिने सेवा सुविधाहरूमा समयानुकुल परिमार्जन गर्दै अझ बढी सरल तरिकाले गुणस्तरीय सेवा प्रदान गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

ङ. धन्यवाद ज्ञापन :

चौथो वार्षिक साधारण सभाको यस अवसरमा नेपाल सरकार र नेपाल राष्ट्र बैंकबाट संस्था संचालन र उन्नतिको लागि निरन्तर रूपमा प्राप्त सहयोग, सुझाव र समर्थनको लागि हार्दिक आभार व्यक्तगर्न चाहन्छु । संस्थाका लगानीकर्ताहरू, यस संस्था प्रति विश्वसनीयता दर्शाइ कर्जा सापट प्रदान गर्ने विभिन्न वाणिज्य बैक, विकास बैंक, वित्त कम्पनीहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र वोर्ड, नेपाल स्टक एक्सचेन्ज लि., सिडिएस एण्ड क्लियरिङ लि.र शेयर रजिष्ट्रार प्रभु क्यापिटल लि.बाट प्राप्त सहयोग प्रति समेत हार्दिक धन्यवाद दिन चाहन्छु । कर्मचारीहरू तथा ग्राहक सदस्यहरूको दक्षता अभिवृद्धि गर्न विभिन्न तालिम गोष्ठी संचालन गर्न सहयोग गर्ने संघ संस्थाहरूलाई पनि धन्यवाद दिन चाहन्छु । यस संस्थाको आ.व.२०७४/७५ को लेखा परीक्षण कार्य सम्पन्न गर्ने लेखापरीक्षक प्रधान एण्ड को नाजो एसोसिएटस्लाई धन्यवाद दिन चाहन्छु । साथै, संचालक समितिका सदस्यहरू, व्यवस्थापन लगायत सम्पूर्ण कर्मचारीवर्ग, ग्राहक सदस्य, पत्रकार तथा यस संस्था प्रति प्रत्यक्ष एवं अप्रत्यक्ष सहयोग तथा सदभाव राख्नुहुने सम्पूर्ण शुभचिन्तकहरूमा धन्यवाद तथा आभार प्रकट गर्दै आउदा दिनमा यहाँहरूबाट अझ बढी सहयोगको अपेक्षा सहित प्रतिवेदनलाई यही टुङ्ग्याउने अनुमती चाहन्छु ।

धन्यवाद !

!! जय ग्रामीण !!

२०७५ माघ १२ गते ।

संचालक समितिको तर्फबाट

माणिकरत्न शाक्य

अध्यक्ष

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.

बुटवल, रूपन्देही

कम्पनी ऐन २०६३ को दफा १०९ को उपदफा ४ बमोजिम

संचालक समितिको प्रतिवेदनमा उल्लेख हुनुपर्ने अन्य विवरणहरू

१. **शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगावै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछि सो शेयर विक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सो को विवरण :**
कुनै पनि शेयर जफत भएको छैन ।

२. **विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोवारको प्रगति र सो आर्थिक वर्षको अन्त्यमा रहेको स्थितिको पुनरावलोकन :**
यस वित्तीय संस्थाको कुनै सहायक कम्पनी नरहेको ।

३. **कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोवारहरु र सो अवधिमा कम्पनीको कारोवारमा आएको कुनै महत्वपूर्ण परिवर्तन :**
कम्पनीले लघुवित्त सम्वन्धी कर्जा लगानी, वचत परिचालन लगायतका कारोवारहरु गर्दै आएको छ । यस वित्तीय संस्थाको कुनै सहायक कम्पनी नरहेको ।

४. **विगत आर्थिक वर्षमा कम्पनीको आधारभुत शेयरधनीहरुले कम्पनीलाई उपलब्ध गराएको जानकारी :**
केही नभएको ।

५. **विगत आर्थिक वर्षमा कम्पनीका संचालक तथा पदाधिकारीहरुले लिएको शेयरको स्वमित्त विवरण र कम्पनीको शेयर कारोवारमा निजहरु संलग्न रहेको भए सो सम्बन्धमा निजहरुबाट कम्पनीले प्राप्त गरेको जनाकारी :**
यस संस्थाका संचालकहरुले देहाय बमोजिमको संस्थागत शेयर धारण गरेका छन् ।

संचालक समितिका पदाधिकारीहरू :

क.सं	नाम थर	पद	प्रतिनिधित्व	ग्रहण गरेको कुल शेयर संख्या
१	श्री माणिकरत्न शाक्य	अध्यक्ष	पिपुल्स इन्भेष्टमेन्ट कम्पनी लि.	संस्थागत ६७०००८ कित्ता
२	श्री बम बहादुर मिश्र	सञ्चालक	नेपाल राष्ट्र बैंक	संस्थागत १९९९८८ कित्ता
३	श्री सुव प्रसाद रिजाल	सञ्चालक	नेपाल सरकार (अर्थमन्त्रालय)	संस्थागत १९७५८०३ कित्ता
४	श्री सलोनिका सिंह	सञ्चालक	नेपाल बंगलादेश बैंक लि.	संस्थागत ९६८१० कित्ता
५	श्री भेषराज कंडेल	सञ्चालक	सर्वसाधारण	व्यक्तिगत १८३ कित्ता
६	श्री रमेश दाहाल	सञ्चालक	स्वतन्त्र	

संस्थाका संचालकहरूले संस्थाबाट निष्काशन गरिएको शेयर खरीद गर्ने र साधारण सभाबाट पारित वोनस शेयर ग्रहण गर्ने बाहेक शेयर कारोवारमा अन्य कुनै संलग्नता नरहेको ।

६. **विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित संभौताहरुमा कुनै संचालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा :**
केही नभएको

७. **कम्पनीले आफ्नो शेयर आफै खरीद गरेको भए त्यसरी आफ्नो शेयर खरीद गर्नु पर्नाको कारण, त्यस्तो शेयरको संख्या र अंकित मुल्य तथा त्यसरी खरीद गरे वापत कम्पनीले भुक्तानी गरेको रकम :**
समीक्षा वर्षमा कम्पनीले आफ्नो शेयर आफै खरीद गरेको छैन ।

८. विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण :

आर्थिक वर्ष २०७४/७५ मा कुल व्यवस्थापन खर्च रू.७३ करोड ८३ लाख ८५ हजार ३ सय ९५ रुपैया २१ पैसा भएको छ । जसमध्ये कर्मचारी खर्च तर्फ रू.६३ करोड ९३ लाख ५७ हजार ८ सय ७३ रुपैया २० पैसा तथा कार्यालय संचालन खर्चतर्फ रू.९ करोड ९० लाख २७ हजार ५ सय २२ रुपैया ०१ पैसा खर्च भएको छ ।

९. संचालक, प्रवन्ध संचालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभूत शेयरधनी वा निजको नजिकका नातेदार वा निजसँग रहेको फर्म कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा :

केही नभएको ।

१०. संचालक, प्रवन्ध संचालक, कार्यकारी प्रमुख, तथा पदाधिकारीहरुलाई भूक्तान गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम :

- संचालक समितिका पदाधिकारीहरुलाई पारिश्रमिकको व्यवस्था गरिएको छैन ।
- संचालक समितिको बैठक भत्ता वापत प्रति बैठक अध्यक्षलाई रू.४,०००।- र अन्य संचालकहरुलाई रू.३,५००।- प्रदान गर्ने गरिएको छ ।
- संचालक समितिका सदस्यहरुलाई समितिको बैठकमा भाग लिन आउदा जाँदा लाग्ने भ्रमण खर्च तथा दैनिक भत्ता रकम प्रदान गरिदै आएको छ । तर संस्थागत प्रतिनिधित्व गरी आउनु भएका संचालकहरूलाई भने त्यस्तो भत्ता प्रदान गरीएको छैन ।
- संचालक समितिका सदस्यहरूलाई आ.व.२०७४/७५ मा बैठक भत्ता वापत वार्षिक रू.४६६,५००।- (कर सहित) र अन्य सुविधा वापत रू.१०५,२७१।- प्रदान गरिएको छ ।
- संस्थाका कार्यकारी प्रमुखलाई तलव भत्ता वापत रू.१,६५३,१२०।- वार्षिक रुपमा प्रदान गरिएको छ ।
- लेखा परिक्षकलाई आर्थिक लेखा परिक्षण गरेवापत रू.५,२५,०००।- र मूल्य अभिवृद्धि कर रू.६८,२५०।- गरी जम्मा वार्षिक रू.५,९३,२५०।- परिश्रमिक प्रदान गरिएको छ ।

११. शेयरधनिहरूले बुझिलिन बाँकी रहेको लाभांशको रकम :

शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांश रकम रू.३,४८२,३१३।-छ ।

१२. दफा १४१ बमोजिम सम्पत्ति खरिद वा विक्री गरेको कुराको विवरण :

छैन ।

१३. दफा १७५ बमोजिम सम्बद्ध कम्पनीबीच भएको कारोवारको विवरण :

छैन ।

१४. कम्पनी ऐन तथा प्रचलित कानुन बमोजिम संचालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुनै कुरा :

छैन ।

१५. अन्य आवश्यक कुराहरू :

छैन ।

PRADHAN & KONAJO
ASSOCIATES
CHARTERED ACCOUNTANTS

Bhanimandal, Ekantakuna
Lalitpur - 4, Nepal
Tel: 977 015000086
email: info@pnk.com.np,
Web: www.pnk.com.np

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडका

शेयरधनी महानुभावहरु समक्ष

लेखापरीक्षकको प्रतिवेदन

१. वार्षिक वित्तीय विवरणमाथि प्रतिवेदन

हामीले ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि, बुटवल, रुपन्देहिको यसै साथ संलग्न २०७५ साल आषाढ ३२ गतेको वासलात तथा सोही मितिमा समाप्त आर्थिक वर्षको नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र इक्वीटीमा भएको परिवर्तन सम्बन्धि विवरण र तत्सम्बन्धी लेखानीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण सम्पन्न गरेका छौं ।

२. वित्तीय विवरण उपर व्यवस्थापनको उत्तरदायित्व

नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुरुप यथार्थ र उचित चित्रण गर्ने वित्तीय विवरणहरु तयार एवं प्रस्तुत गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यी जिम्मेवारी अन्तर्गत जालसाझी वा गल्तीबाट वित्तीय विवरणमा हुन सक्ने सारभूत त्रुटि रहित वित्तीय विवरण तयार गर्ने सम्बन्धी आन्तरीक नियन्त्रण प्रणालीको तर्जुमा, कार्यन्वयन र सञ्चालन गर्ने कार्य, उपयुक्त लेखानीतिहरुको छनौट तथा लागू गर्ने कार्य एवं परिस्थिती अनुसार लेखा सम्बन्धी महत्वपूर्ण अनुमान गर्ने कार्य पर्दछन् ।

३. लेखापरीक्षकको उत्तरदायित्व

व्यवस्थापनले तयार गरेका ती वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा आफ्नो राय व्यक्त गर्नु हाम्रो उत्तरदायित्व हो । हामीले नेपाल लेखापरीक्षण मान तथा लेखापरीक्षणको सर्वमान्य सिद्धान्त र प्रासङ्गिक प्रचलनको आधारमा लेखापरीक्षण सम्पन्न गरेका छौं । वित्तीय विवरण सारभुतरुपमा गलत आंकडा रहित छ भन्ने कुरामा विश्वस्त हुनका लागि ती नेपाल लेखापरीक्षण मान तथा प्रासङ्गिक प्रचलन अनुसार लेखापरीक्षण योजना तयार गरी सो अनुसार लेखापरीक्षण सम्पन्न गर्नु पर्दछ । वित्तीय विवरणमा उल्लेखित रकम र खुलाइएका अन्य विवरणलाई पुष्ट्यांई गर्न प्रमाणको छड्के परीक्षण समेत लेखापरीक्षणमा समावेश हुन्छ । यस संस्थाले अवलम्वन गरेको लेखा सिद्धान्त, व्यवस्थापनले गरेका महत्वपूर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्तिथिको मुल्यांकन पनि लेखापरीक्षणमा समावेश हुन्छ । लेखापरीक्षणले हाम्रो मन्तव्यलाई पर्याप्त आधार प्रदान गर्ने कुरामा हामी विश्वस्त छौं ।

४. Disclaimer of Opinion को आधार

नेपाल चार्टर्ड एकाउनटेन्ट्स संस्थाले आ. व. २०७३/७४ बाट घ वर्गका वित्तीय संस्थाहरुलाई लागू हुने गरी प्रभावकारी वित्तीय रिर्पोटिङ रुपरेखा नेपाल लेखामन देखी नेपाल वित्तीय विवरण प्रतिवेदन मान (NFRS) मा परिवर्तन गरेको छ । यद्यपि सलंग्न गरिएका वित्तीय विवरण, ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.ले नेपाल राष्ट्र बैंकबाट जारी भएका निर्देशन बमोजिम तयार गरेको छ र प्रस्तुत वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार तयार नगर्नुको प्रभाव अनिश्चित छ र त्यो प्रभाव महत्वपूर्ण तथा व्यापक हुन सक्छ ।

Pradhan & Konajo Associates
Bhanimandal
Lalitpur, Nepal
Chartered Accountants

५. (NFRS)अनुसार Disclaimer of Opinion

माथि अनुच्छेद ४ मा उल्लेखित तथ्यका महत्वले गर्दा नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनुसार वित्तीय विवरण तयार नगर्दा हुने सञ्चिति प्रभावको निम्ती हामीले पर्याप्त र उपयुक्त लेखापरीक्षण सम्बन्धी प्रमाण प्राप्त गर्न नसकेकाले हामीले सो आधार बमोजिम वित्तीय विवरणमा कुनै राय व्यक्त गरिएको छैन ।

६. कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को आवश्यक्ता सम्बन्धी प्रतिवेदन हाम्रो लेखापरीक्षणको आधारमा देहाय बमोजीम प्रतिवेदन पेश गर्दछौं :

क) हामीले लेखापरीक्षणको सिलसिलामा आवश्यक ठानेका सूचना एवं स्पष्टिकरणको साथै माग गरेका विवरणहरु सन्तोषजनक रुपमा प्राप्त गर्‍यौं । साथै हामीले माग गरेका शाखाहरुको विवरण स्वतन्त्र रुपमा लेखापरीक्षणको लागि पर्याप्त रहेको पायौं ।

ख) ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.का हिसाव किताव तथा श्रेस्ता प्रचलित कानून बमोजिम ठीकसँग राखिएका छन् ।

